## *निर्वाचनपछी को १०० दिने कार्यकाल*
## *अमरगढी नगरपालीका*

### *सम्पादित कार्यहरु*

१. ७ वटा वार्डकार्यालय व्यवस्थापन गरीयो ।
२. नगर सभा सम्पन्न भयो ।
३. नगर साक्षर घोषणा सम्पन्न ।
४. विषयगत यूनिट अन्तर्गत समन्वय समिति गठन गरियो ।
५. हातमा कुचो,घरमा वाल्टी ।
सफाटोल, सफा अमरगढी ॥
नाराका साथ सरसफाई अभियान प्रक्रिया प्रारम्भ भयो ।
६. अमरगढी भित्रका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार अन्तरक्रिया मार्फत योजना निर्माण समिति गठन ।
७. जन प्रतिनिधि महिला क्षमता अभिवृद्धि तालिम सम्पन्न ।
८. अमरगढी कृषि एलाईन्स गठन गरेर अमरगढीको कृषि विकास योजना निर्माण गरेका छौं ।
९. आन्तरिक खर्च व्यवस्थापनका लागि आन्तरिक आचार संहिता निर्माण गरेका छौं ।
१०.नगरपालिकाको सेवा प्रभावकारी ढंगले गर्न कर्मचारी लगवुकको व्यवस्थापन गरिएको छ ।
११. अमरगढीका विभिन्न ठांउमा विकास निर्माण योजनाका लागत इर्सटिमेट गरिएको छ ।
१२ .विभिन्न मन्त्रालय (स्थानिय विकास,सहरी विकास,खेलकुद,पर्यटन,यातायात,भौतिक योजना) हरुमा योजना सिफारिस गरीएको छ ।
१३. अमरगढी भित्रका स्वास्थ्य संस्थाहरुको अनुगमन गरी प्रभावकारी सेवा सञ्चालन भएको छ ।
१४. विकास निर्माण योजनाको अनुगमन निरिक्षण गरी ठेकेदारहरुलाई सचेतिकरण गरियो ।
१५. सरकारी विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारका लागि श्रोत केन्द्र स्तरीय वैठक सम्पन्न गरियो ।
१६. अमरगढीका मन्दिर एवं पर्यटकिय स्थलमा सोलार वत्ति जडानका लागि वैकल्पीक उर्जा प्रवर्द्धन केन्द्रमा माग गरियो ।
१७. अमरगढीमा कृषि एवं पशुपंछी विकास रणनित निर्माण गरीयो ।
१८. वजार व्यवस्थापन र उत्पादनका खाद्यवस्तु स्तरीकरण का लागि अनुगमन गरियो ।
१९. लामो समय देखी नउठेको राजश्व वजारवाट उठाएकाछौं ।
२०. यातायातका साधनमा लगवुक सिस्टम राखेकाछौं ।
२१. पत्र पत्रिकाको विज्ञापन मापदण्ड निर्माण गरेकाछौं ।
२२. सहरी विकास कार्यालय र सडक डिभिजन संग अमरगढी विकासको योजना निर्माण गर्न लगाएका छौं ।
२३. खलंगा खानेपानि मा हामीले रकम विनियोजित गरे पछि टेन्डर प्रक्रिया सम्पन्न भएको छ ।
२४. सरसफाई निति तथा कानुन निर्माण गरेका छौं ।
२५. विभिन्न विषयगत युनिट लाई क्रियासिल वनाएका छौं ।
२६. भिमदत्त आर्दश वस्ती निर्माण तथा होमस्टे संञ्चालन प्रक्रिया अगाढी वढाएका छौं ।

२७. अमरगढी डोटेलि संग्रालय निर्माणको आवश्यक योजना निर्माण गरेका छौं ।
२८. गरीव,दलित,विपन्न, एकल महिलाका लागि आय आर्जन मुलक कार्यक्रम अगाडी वठाएका छौं ।
२९. जनता संग जनप्रिय कार्यक्रम संञ्चालन गर्दैछौं ।
३०. जनताले दिएको सम्मानको कदर गर्दै उच्च मनोवलका साथ काम गरिरहेका छौं
३१. अमरगढी ई प्रोफल निर्माण प्रक्रिया अगाडी वढाएका छौं ।
३२. स्मार्टकार्ड निर्माण कार्य अगाडी वढ्दै छ ।
३३. विकास क्षेत्र संग अमरगढीको विकास वारे छलफल,अन्तरक्रिया,सल्लाह,सुझाव र विभिन्न ठाउहरुको अवलोकन भ्रमण गरिएको छ ।
३४. अध्ययन तथा योजना निर्माण वर्ष घोषणा भएको छ ।
३५ बहुक्षेत्रिय पोषण योजना निर्देशक समिति गठन गरी योजना निर्माण गरेकाछौं ।
३६ प्रत्येक महिनाको ७ गतेका दिन स्वास्थ्य संस्थाहरुको समिक्षा वैठकको शुरुवात गरेका छौं
३७ विद्यालयको आर्थिक अनुदान निकाशा समयमै गरिएको छ ।
३८. अमरगढी नगरपालिकाको "मोवाइल एप" निर्माण गर्ने प्क्रिया थालनी गरेका छौं ।
३९. महत्वपूर्ण योजना सहित निति तथा कार्यक्रम गरेर कार्यान्वयन प्रक्रियामा छ ।
४०. सबै भन्दा पहिला सभा सम्पन्न गरेका छौं ।
४१. हामी संग काम गर्ने आँट छ, जनाताको साथ र समर्थन छ अझै भन्नु पर्दा अमरगढीका हजारौं युवाहरुको पुर्ण समर्थन रहेको छ । यो सपना, विश्वास, आसा भरोसा मा कत्तिपनि ठेस लाग्न दिने छैनौं,सम्पुर्ण प्रत्तिवद्ध रही निरन्तर योजना कार्यान्यनका पाटोमा लागि रहने छैं ।

## नगरसभाका मुख्य योजनाहरु

१.तीन तहको चक्रपथको अवधारण (भित्री,मध्य,र वाहिरी) र सडक गुरुयोजना निर्माण गर्ने ।
२. सहिद भिम दत्त पन्तको जन्म थलो अमरगढी २ लाई आर्दश वार्डको रुपमा विकास गर्ने र होमस्टे सन्चलान गर्ने ।
३. सुविधा सम्पन्न सपिंङ कम्प्लेसको डि.पि.आर निर्माण गर्ने ।
४. औद्योगिक अध्ययन तथा करिडोर निर्माण गर्ने ।
५.बहुउद्देशिय सि.टि.हल डि.पि.आर निर्माण गर्ने ।
६.११'स'को अवधारणा अर्न्तगत
सडक,सहकारी,सिचाई,सभाहल,स्मार्टकार्ड,सपिङकम्प्लेक्स,सरसफाइ,सहकार्य,सजजिकरण,शिक्षा र स्वास्थ्य अवधारणावाट सुन्दर र समृद्ध शहर निर्माणको योजना।
७ .खेल पुर्वाधार अन्तर्गत राष्ट्रिय स्तरको क्रिकेट मैदान र राष्ट्रिय स्तरको फुटवल रङ्गशाला निर्माण ।
८. कृषि, फर्म र पशु विकाश फर्म स्थापना र उत्पादन करिडोर निर्माण ।
९. २ वर्षमा सदरमुकामको खानेपानी समस्या पुर्ण रुपमा समाधान गर्ने ।
१०. अमरगढी स्मार्ट कार्ड वितरण र ई. प्रोफाइल निर्माण गर्ने ।

# कृषि क्षेत्र तर्फ :

१: कृषि विकास  मन्त्रालयबाट यस स्थानिय तहका लागि विनियोजन भएको बजेट शिर्षक लाई चालु भएको नगर परीषद बाट स्वीकृत गर्ने कार्य भएको छ। जस अनुसार

- कृषि प्रसार तर्फ २७४१०००।
- आलु तरकारी तथा मसला विकास  तर्फ रु .२०८०००।
- वाली विकास कार्यक्रम  तर्फ रु ७७५०००।
- माटो परीक्षण तथा सेवा सुधार कार्यक्रम तर्फ रु ९४०००।
- साना सिंचाई कार्यक्रम तर्फ रु ९६७०००।
- कृषि बजार विकास कार्यक्रम तर्फ रु २०००००।

माथिका ६ ओटा शिर्षकमा कुल रकम रु  ४९८५०००। रकम भएको ।

२: यस क्षेत्रका कृषक हरुले लगाएको वर्षे वाली धान तथा मकैमा जंगलि जनावरले पुऱ्याएको क्षेती संग सम्वन्धीत करीब ८५ वटा फायल तयार पारी प्रति कृषक रु १००००। का दरले हुने कुल रकम रु ८५००००।  क्षती पुर्तिका लागि जिल्ला वन कार्यालय मार्फत फायल पेस भएको।

३:  खास गरी सउन भाद्रमा वर्षे वालीमा देखिने रोग किरा नियन्त्रणका लागि  रु १००००। बरावरको विभिन्न विषादी निशुल्क वितरण गरी करीब ३५ जना व्यवसायिक कृषक लाई सेवा दिईएको ।

४: एफ.एम. रेडियो बाट सुचना प्रसारण पश्चात कृषक समुह तथा सहकारी बाट प्राप्त मागको आधारमा २१० क्वीटल कार्डीनल जातको आलु  नेपालगंज कोल्ड स्टोर बाट आपुर्ती गरी कृषकलाई प्रति के.जी. रु २५ का दरले विउ र सतप्रतिशत ढुवानि अनुदानमा वितरण गरीएको  ।

५: विभिन्न सरोकारवाला निकाय को समन्वयमा  नगर पालीकाको  आ.व. २०७४/०७५ का लागि वार्षीक योजना तर्जुमा गर्ने शिलसिलामा ११ वटै वडा अध्यक्ष ज्यु हरुसंग राय तथा परामर्स गरी  गोष्ठी सम्पन्न गरीएको ।

६: अ.न.पा. क्षेत्रमा कार्यरत सरकारी ,गैरसरकारी तथा निजी क्षेत्रका कृषि संग सम्बन्धित निकाय हरु लाई स्थानिय तहको एक द्वार प्रणाली  अन्तरगत क्रियासिल गराउन  मेरो र उप मेयर को संयोजकत्वमा  ब्यापक छलफल गरी  २ पटक एलायन्स बैठक संचालन गरेको ।

७: यस वर्ष संचालन गरीने साना सिंचाईका लागि सुचना प्रसारण पश्चात  १७ वटा  निवेदन संकलन गरी स्थलगत अध्ययनको कार्य जारी रहेको  ।

८: माटोको नमुना संकलन तथा पाक्षीक कृषि उपजको मुल्य संकलन को कार्य जारी रहेको ।

९: जिल्लाको सदर मुकाममा व्यवस्थीत कृषि बजार स्थापनाका लागि उद्योग वाणिज्य संघ को पुर्व तर्फको पुर्ववत वजारलाई क्रियासिल गराउन उद्योग वाणिज्य संघ संग सम्झौता भई टहरा मर्मत तथा बाटो मर्मतको  लगत स्टीमेट  तयार पार्ने कार्य जारीरहेको ।

१०: नगर क्षेत्रमा क्रियासिल साना तथा मझौला कृषक आयस्तर बृद्धि आयोजना , अनुकुलन तथा  ईन्भाईटा परीयोजना  बाट संचालीत गतिविधि जस्तै : सोलार पम्प बाट सिंचाई प्रविधि, प्लाष्टीक घरमा गोलभेडा खेती आदि कार्यको म लगायत उप मेयर र कृषि शाखा का कर्मचारी वाट संयुत्त अनुगमन गरीएको ।

११: बहुक्षेत्रिय पोषण कार्यक्रम अन्तरगत नगर क्षेत्रको योजना तर्जुमा गरी  रु ३८५०००। को कार्यक्रम स्वीकृत गरीएको  ।

१२:  यस आ.व.मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परीयोजना अन्तरगत  नगर क्षेत्रका ब्लक तथा पकेट क्षेत्रमा  बजेट विनियोजन छुट्न गएकोले सो परीयोजनाको केन्द्रीय निकायलाई क्षेत्रीय कृषि निर्देशनालय दिपायल मार्फत पहल कदमी भएको ।

१३: हिउदे सिजनको गहुको विउ उत्पादन तथा किट वितरणका लागि क्षेत्रीय कृषि अनुसन्धान केन्द्र डोटी, क्षेत्रीय वीउविजन प्रयोगशाला कञ्चनपुर तथा पन्चशक्ती वीउ कम्पनी कैलाली संग कुल २० क्वीटल गहुको विउ खरीद गर्ने सम्झौता भएको ।

# जनप्रतिनिधिको बार्षिक समिक्षा

- अमरगढी ढल व्यवस्थापन आयोजना स्वीकृत ।
- अमरगढी साना शहरी कार्यान्वयनमा ।
- शैक्षिक गुणस्तर सुधार आधार बर्ष २०७५ शुभारम्भ ।
- उग्रतारा डिपबोरिङ लगायत अ.न.पा. १ मालममा अध्ययन पश्चात कार्यान्वयनको चरणमा ।
- कृर्षि क्षेत्रमा ब्यापक सुधार ।
- जंगलि जनावरको क्षति भएको बालिको राहत बितरण ।
- तुफान्डाँडा देखि राजमार्ग (सडक) बिस्तार सुभारम्भ ।
- तुफान्डाडाँ टुडिखेल सडक बिस्तार बजेट बिनियोजन गराई टेन्डर प्रकिृयामा ।
- डकले सल्लाघारी ,आईत ,चिम्रीकोट , टुडिखेल सडक स्तरोन्ती ।
- फलफुल बर्ष प्रारम्भ ।
- नगरबासि संग डाक्टर कार्यक्रम शुभारम्भ ।
- मैन बत्ति निर्माण तालिम बाट ३० जना दक्ष कालिगड उत्पादन ।
- लाक सेवा तयारी कक्षा बाट ४० जना युवा युवति लाभाम्बीत ।
- स्थानिय शिप प्रबर्दन बाट परम्परागत पञ्चेवाजा बजाउने १० जना बेण्ड बाजा बजाउने सिप प्रदान ।
- फुल नर्सरी निर्माण कृषक तालिम बाट २० जना लाभाम्बीत ।
- अंग्रेजि भाषा कक्षा बाट ३० जना लाभाम्बीत ।
- ५० जना युवा युवति लाई बेसिक कम्प्युटर तालिम प्रदान ।
- ४ वटा एफएम रेडियो
- दैनिक ३ वटा पत्रिका
- साप्ताहिक १ वटा पत्रिका
- ब्युटिसियन तालिममा सहकार्य /पत्रकारिता तालिममा सहकार्य ।
- सुशासन प्रर्बद्धन का निमित्त Techno Hub स्थापना देशकै दोस्रो नगरको स्थानमा ।
- समिक्षा गाष्ठी ।
- अपाङ्गता सिबिर संचालन ।
- छाला रोग चर्म रोग शिबिर संचालन ।
- पशु स्वास्थ्य शिबिर संचालन ।
- फ्रेस हाउस सुधार ८ जना लाई सामाग्री बितरण ।
- कृर्षक हरुलाई मिल्क क्यान बितरण ।